मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

## प्राइभेट नेट्वर्क प्रयोग तथा सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०७/१२)

यस मण्डनदेउपुर नगरपालिकाको स्वामित्वमा रहेको ८० कि.मि. १२ कोर र ५ कि.मि ६ कोर गरि जम्मा ८५ कि.मि. को नेटवर्क पूर्वाधार भाडामा उपलब्ध गराउने मिति २०८२।०५।२० गतेको नगर कार्यापालिकाको बैठकको निर्णयानुसार नेटवर्क पूर्वाधार भाडामा लिन ईच्छुक इन्टरनेट सेवा प्रदायक (ISP) कम्पनीबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी तपसिलका सेवा शर्त पुरा गर्ने गरी सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

### ठेक्का सम्बन्धी विवरण:

| क.सं. | ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | न्युनतम अंक | शिलबन्दी दरभाउ जमानत दस्तुर | शिलबन्दी दरभाउ दस्तुर |
|---|---|---|---|---|---|
| १. | 2/SQ/Goods/2082/083 | प्रइभेट नेट्वर्क प्रयोग तथा सञ्चालन | १५,०००।- | ३०,०००।- | १०००/- |

### ठेक्का सम्बन्धि शर्तहरु:

१. नगरपालिकाको स्वामित्वमा रहेको प्राइभेट नेट्वर्कको प्रयोग गरी यस नगरपालिका भित्र सेवा विस्तार गर्न सक्नेछ।

२. नगरपालिकाको नेट्वर्क प्रयोग गरे बापत नगरपालिकालाई निःशुल्क 50MBPS dedicated international bandwidth तथा 200MBPS dedicated local bandwidth उपलब्ध गराउनु पर्दछ।

३. नगरपालिकाको स्वामित्वमा रहेको १२ कोर को फाईवर मध्ये ६ कोर (१-६) सम्म नगरपालिकाले प्रयोग गर्ने र ६ कोर (७-१२) सेवा प्रदायकले प्रयोग गर्न सकिने छ।

४. सेवा प्रदायकले इन्टरनेटको Bandwidth एकमुष्ट नगरपालिको कार्यालयमा उपलब्ध गराउनु पर्ने छ र यस अन्तरगत रहेका वडाकार्यालय, नगर अस्पताल, स्वास्थ्य चौकी, विद्यालयहरुमा VLan को प्रयोगबाट इन्टनेट सेवा उपलब्ध गराउनु पर्ने छ ।

५. सेवा प्रदायकले नगरपालिका र यस अन्तरगतका कार्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध गराउन प्रयोग भएको फाइवरको मर्मत सम्भार तथा इन्टरनेट कनेक्सनमा देखिएका समस्याहरुको समाधान गर्न २ जना जनशक्ति नगरपालिकाको प्रत्यक्ष निगरानिमा रहनेगरी खटाएको हुनुपर्नेछ ।

६. विपद् बाढी, पहिरो र आगोलागी बाहेक अन्य कुनै पनी मर्मत सम्भारमा भएको खर्चको भुक्तानी सेवा प्रदायलाई उपलब्ध गराईने छैन।

७. १२ कोरको फाईवरबाट नगरबासिलाई इन्टरनेट सेवा उपलब्ध गराउदा सर्व-सुलभ रकममा उपलब्ध गराउनु पर्नेछ।

८. इन्टरनेट क्षमतामा कमी आएमा वा सो सम्बन्धी अन्य प्राविधिक गडबडी भएमा नगरपालिकाले सेवा प्रदायक जानकारी गराउने छ र उक्त नेट्वर्क अप्टिकल फाइबर सँग सम्बन्धित समस्या सेवा प्रदायले तुरुन्तै समाधान गर्नुपर्ने छ ।

९. सम्झौता बमोजिमको क्षमतामा घटी नहुने गरि नियमित रुपमा सेवा आपुर्ति गर्नुपर्नेछ र उल्लेखित क्षमतामा सेवा आपुर्ति नभएमा, इन्टनेट सेवामा देखिएका समस्याहरुको समाधान यथासक्य छिटो समाधान नगरेमा ३० दिन अगाडि जानकारी गराई सम्झौता रद्द समेत गर्न सक्ने छ।

१०. सेवा प्रदायक कुनै विधुतिय जालसाजी वा आपराधिक कार्य वा गैरकानुनी कार्यमा संलग्न रहेको पाइएमा नगरपालिकाले तुरुन्त सम्झौता रद्द गरी प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

१२. करारनामाको अवधि ठेक्का सम्झौता मितिले दुई वर्ष सम्म रहने छ ।

१३. इन्टरनेट सेवा प्रदायक (ISP) ले ५ लाख रकम बरावरको धरौटी वा सम्झौता अवधिको थप १३ महिना बैंक गरेन्टी सम्झौता गर्दा राख्नु पर्ने छ।

१४. टेण्डरफारम सूचना प्रकाशित भएको मितिले ७ दिन दिनको ५ बजेसम्म खरिद गरी ८ दिन दिनको १२:०० बजे सम्म टेण्डर दर्ता गरिसक्न पर्ने छ र दिनको २:०० बजे टेण्डरदाता वा निजको प्रतिनिधि (उपस्थित नभए पनि) कार्यालय प्रतिनिधिको रोहबरमा खोलिनेछ।

१५. टेण्डर फारम खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा क्रमश सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन मान्य हुनेछ।

१६. ठेक्का कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१७. टेण्डरफारम बुझाउदा शिलबन्दी दरभाउ जमानत दस्तुर नगरपालिकाको राजश्व शाखामा बुझाई रसिद सोही फारम भित्र राख्नु पर्नेछ।

१८. टेण्डर फारम दस्तुर रु १००० (फिर्ता नहुने गरी) बुझाइ यस मण्डनदेउपुर नगरपालिकाबाट उपलब्ध हुनेछ।

ठेक्का सम्झौता समाप्त भई वा ठेक्का रद्द भएको अवस्थामा नगरपालिकाको स्वामित्वमा रहेको प्राईभेट नेटवर्क ठेक्का सम्झौता हुँदाको समयमा रहेकै अवस्थामा नै नगरपालिकालाई हस्तान्तर गर्नु पर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत